Kageshwori Manohara Journal ISSN:3149-7446
Volume 1, Issue 1, 2026

# प्रेतकल्प उपन्यासमा स्थानीयता

**मदन गौतम**
उपप्राध्यापक, कोटेश्वर बहुमुखी क्याम्पस
madangautam67@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा नारायण ढकालद्वारा लिखित 'प्रेतकल्प' उपन्यासमा सन्निहित स्थानीयताको विश्लेषण गरिएको छ। 'प्रेतकल्प' उपन्यासमा हालको कागेश्वरी मनोहरा नगरपालिकाअन्तर्गतका विभिन्न भौगोलिक इलाकालाई आधार बनाएर उपन्यासको परिवेश र विषयगत कार्यपीठिका तयार पारी त्यहाँको विविध सन्दर्भलाई उजागर गरिएको छ। मूलतः मनोहरा नदीको किनारमा रहेका विभिन्न स्थानहरूमध्ये बोडेभन्दा वारिपट्टिको विष्णुमति नदी किनाराको फाँट, त्यस वरिपरिको स्थानलाई 'दुःखपुर' नाम दिई त्यसै स्थानलाई उपन्यासको सङ्केन्द्रीकृत स्थान बनाई त्यहाँको स्थानीयतालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा हालको कागेश्वरी मनोहरा पालिकामा रहेको उक्त दुःखपुर गाउँ र त्यहाँका युवाको नवचेतनाले १९६९ देखि १९७८ सम्मको नेपालको जहानियाँ निरङ्कुश राणाशासनको विरुद्धमा तथा समाज रूपान्तरणको पक्षमा बालेको प्रगतिशील सञ्चेतनाको ज्योतिलाई निष्ठापूर्वक प्रस्तुत गरिएको छ। मनोहरा नदीका किनारमा रहेका गाउँहरूको सामाजिक, आर्थिक, जातीय र वैचारिक पक्षलाई यस लेखमा विश्लेषण गरी उक्त क्षेत्रको स्थानीयतामा पाइने बहुविध आयामलाई देखाइएको छ । स्थानीयताको विश्लेषणका लागि यथार्थवादी साहित्य सिद्धान्तले प्रस्तुत गरेका आधारहरूको उपयोग गरी तिनै आधारहरूको मानदण्डमा स्थानीयताको विवेचन गरी उपन्यासमा अन्तर्निहित स्थानीयताका आयामहरूलाई उजागर गरिएको छ। समाज रूपान्तरण र तत्कालीन निरङ्कुश राणाशासनका हरेक प्रकारका उत्पीडनका विरुद्धमा हालको कागेश्वरी मनोहरा पालिका अन्तर्गत सङ्केत गरिएको दुःखपुर इलाकाले चेतनाको नवदीप बाल्दै गरेको प्रतिरोधलाई निर्धारित उपन्यासमा रहेका विविध औपन्यासिक प्रकरण, सन्दर्भ र प्रतीकात्मक बिम्बका सापेक्षमा पुष्टि गरिएको छ।

शब्दकुञ्जी : खाद्यसंस्कृति, जनजातीय संस्कृति, पर्यावरण, लोकविश्वास, वैचारिक संस्कृति

**विषयपरिचय**

प्रेतकल्प उपन्यास उपन्यासकार नारायण ढकाल (वि.सं. २०१०) द्वारा लिखित उपन्यास हो । नारायण ढकालको जन्म काठमाडौँको मूलपानी भन्ने ठाउँमा भएकाले उक्त स्थान हालको कागेश्वरी मनोहरा नगरपालिकामा रहेको छ। ढकालका प्रेतकल्पबाहेक तीन संवत्सर (२०५२), पीत संवाद (२०५५), दुर्भिक्ष (२०६१) उपन्यास प्रकाशित छन् । विवेच्य प्रेतकल्प २०६५ सालमा प्रकाशित कृति हो । उपन्यासका अलावा उनका कथा, कविता र निबन्ध पनि प्रकाशित छन् । ढकाल मूलपानीमा जन्मेर नेपाली साहित्यको श्रीवृद्धिका साथै राजनीतिज्ञ र समाजसेवीका

रूपमा पनि सुप्रसिद्ध छन् । प्रेतकल्प उपन्यास नेपालको ऐतिहासिक सन्दर्भलाई समावेश गरी तयार पारिएको छ । खासगरी चन्द्रशमशेरको उत्कर्ष शासनकालको समयमा कागेश्वरी मनोहरा क्षेत्रमा भएको राज्य उत्पीडन र त्यसका विरुद्धमा देखापरेको प्रतिरोध चेतना नै उपन्यासको मूल कथ्य सन्दर्भ बनेर आएको छ । करिब एक शताब्दीअधिको काठमाडौँ उपत्यका र त्यसमा पनि मनोहरा नदी किनारको नेपाली समाज र राजनीतिको सजीव बिम्ब उपन्यासमार्फत प्रस्तुत गर्दै तत्कालीन समयको न्यायव्यवस्था, शासकीय मानसिकता, जनतामा देखापरेको नवीन प्रगतिशीलता र अन्तर्राष्ट्रिय सन्दर्भमा देखापरेका अग्रगामी नवउन्मेषका कारण जडवत् झैँ रहेको नेपाली समाजमा आएको नवचेतनाका तरङ्गमय झिल्काहरूलाई यस उपन्यासमा असाधारण औपन्यासिक शिल्पको बनोट र बुनोटमार्फत हृदयसंवेद्य र आस्वाद्य बनाई तत्कालीन युगीन अभिव्यञ्जनाको ध्वन्यात्मक अनुरणनमार्फत प्रस्तुत गर्ने अनौठो उपन्यासकला प्रस्तुत गरिएको छ । यसै सन्दर्भ र प्रकरणका परिप्रेक्ष्यमा कागेश्वरी मनोहरा क्षेत्रको स्थानीयतालाई विश्लेषण गरी त्यहाँको तत्कालीन स्थानिक आयामको विश्लेषण यस आलेखमा प्रस्तुत छ ।

स्थानीयता साहित्यिक कृतिको विश्लेषण गर्ने यथार्थवादी साहित्यिक मान्यताको एक मानदण्ड हो । यथार्थवाद साहित्यिक कृतिमा सन्निहित यथार्थपक्षको उद्घाटन गर्ने समालोचकीय सौन्दर्य हो । खासगरी साहित्यिक कृतिका संरचना र रूपपक्षमा निहित फोटोग्राफिक यथार्थतालाई कति पनि ढाकछोप नगरी जीवन्त रूपमा जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्नु यथार्थवादको प्रमुख वैशिष्ट्य हो । साहित्यिक कृतिमा सन्निहित यथार्थको अनावरण गर्न उपयोग हुने यथार्थवादको एक प्रमापक मानदण्ड 'स्थानीयता' हो । स्थानीयताले कुनै भूगोल विशेषमा आधारित रहेका स्थान, काल र त्यससँग जोडिएर आउने अनेक सामाजिक आधार र संस्कृति तथा त्यसअन्तर्गतका विविध आयाम र पक्षहरूलाई निष्ठापूर्वक प्रस्तुत गर्दछ । त्यस भूगोलमा रहेका स्थानीय लोकविश्वास, संस्कृति, खाद्य संस्कृति, स्थानीय दैन्दिनीदेखि लिएर पर्यावरण र परिवेश, जातजाति, प्रथा र परम्परा तथा त्यस स्थानमा निर्माण भएको वैचारिक संस्कृतिसमेतलाई विश्लेषण गर्ने आधार प्रदान गर्दछ । यसका साथै स्थानीय भाषा र त्यसको निष्ठापूर्वकको प्रस्तुतिलाई पनि कृति विश्लेषणको प्रमापक मानदण्ड स्वीकार गर्दछ ।

प्रस्तुत अध्ययनमा प्रेतकल्प उपन्यासमा निहित स्थानीयतालाई मूल समाधेय समस्या बनाइएको छ । उक्त उपन्यासमा केकस्ता स्थानीयताका सन्दर्भ र प्रसङ्ग छन् तिनैको स्थानीयताको मानदण्डमा रही विश्लेषण गर्नुलाई अध्ययनको उद्देश्यका रूपमा लिइएको छ । यस उपन्यासको विश्लेषण पूर्ववर्ती विद्वान् र समालोचकहरूले साहित्यशास्त्रका अन्य विविध आधार र मान्यतालाई उपयोग गरी गरे पनि स्थानीयताका सन्दर्भमा अध्ययन नभएको पूर्वकार्यको अनुगमनबाट पुष्टि भएकाले यो अनुसन्धानको नवीन उपलब्धि बनेको छ । स्थानीयताबाहेक अन्य विषयमा केन्द्रित नरहनु र स्थानीयतामा पनि मनोहरा नदी किनार तथा कागेश्वरीका क्षेत्र वरपरको परिवेशलाई मात्र अध्ययनमा समेटिनु यस अध्ययनको सीमा रहेको छ । यस अध्ययनमा सोद्देश्यपरक नमुना छनोट विधिको उपयोग गरी प्रेतकल्प उपन्यासलाई शोध क्षितिजका रूपमा लिई विश्लेष्य चरका रूपमा यथार्थवादी स्थानीयतालाई लिइएको छ । यस अध्ययनले कुनै पनि साहित्यिक कृतिमा सन्निहित स्थानीयतालाई यथार्थवादी साहित्य सिद्धान्तका मानदण्डमा रही विश्लेषण गर्ने प्रायोगिक आधार प्रदान गर्ने हुँदा यसको प्राज्ञिक महत्त्व रहेको छ ।

**अध्ययनको विधि**

प्रस्तुत अध्ययन प्रेतकल्प उपन्यासमा रहेको स्थानीयताको अध्ययनमा केन्द्रित छ । यसका लागि आधारभूत र सन्दर्भ सामग्रीको उपयोग गरी विश्लेषण गरिएको छ । आधारभूत सामग्रीका रूपमा नारायण ढकालद्वारा

लिखित प्रेतकल्प उपन्यासलाई उपयोग गरिएको छ भने सन्दर्भ सामग्रीका रूपमा स्थानीयतासँग सम्बन्धित विभिन्न स्रोतहरूको उपयोग गरिएको छ। अध्ययनका लागि सोद्देश्य नमुना छनोट विधिको उपयोग गरी प्रेतकल्प उपन्यासमा स्थानीयता विषयलाई चयन गरी स्थानीयतासँग सम्बद्ध सन्दर्भ सामग्रीका आधारमा निर्धारित उपन्यासमा निहित चुरोसँग सम्बद्ध तथ्यको परीक्षण गरी नतिजा र विमर्शमार्फत निष्कर्ष प्रस्तुत गरिएको छ।


**अवधारणात्मक/सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचा**

स्थानीयता साहित्यिक कृतिको विश्लेषण गर्ने आधार हो । साहित्यिक कृतिमा निहित संरचना र शैलीशिल्पमा अभिव्यक्त भएर स्थानीयता प्रस्तुत भएको हुन्छ। उपन्यास पनि साहित्यको विधा विशेष भएकाले स्थानीयताको प्रयोग कुनै न कुनै रूपमा भएकै हुन्छ। परम्परागत औपन्यासिक संरचनामा परिवेशसँग सम्बन्धित भएर स्थानीयता अभिव्यक्त भएको पाइन्छ । यसअन्तर्गत उपन्यासमा कार्यव्यापार घटित भएको स्थान, समय र वातावरणसँग अन्तर्सम्बद्ध गरेर स्थानीयताको कसिलो प्रबन्धन तयार भएको हुन्छ। उपन्यासमा वर्णन भएको स्थानले कुनै स्थान विशेषको भूगोल र त्यससँग जोडिएर आउने विविध सन्दर्भगत प्रकरणलाई समेटेको हुन्छ। त्यसै भूगोलसँग सम्बन्धित भएर पात्रको चयन, कथावस्तुको विन्यास, कथानकका प्रकरण र उद्देश्यसमेत संयोजित भएर आएका हुन्छन्। त्यस्तै समयसूचक सन्दर्भहरूले त्यस भूगोलको कुनै कालखण्ड विशेषलाई सङ्केत गर्दै त्यसका माध्यमबाट तत्कालीन समयका विविध सन्दर्भहरूको प्रतिध्वनित गरिएको हुन्छ। त्यस्तै उपन्यासमा प्रयुक्त परिवेशले उपन्यासमा प्रस्तुत स्थान र समयको सामाजिक, आर्थिक, सांस्कृतिक, जनजातीय, राजनीतिक, वैचारिक तथा त्यस भूगोलसँग सम्बद्ध पर्यावरणीय बहुविधि सन्दर्भहरूको समेत अनुरेखाङ्कन गरी औपन्यासिक प्रकरण र प्रभाव निर्माणमा भूमिका खेलेको हुन्छ।

स्थानीयता साहित्यिक कृतिमा प्रस्तुत परिवेशको यथार्थतालाई बुझाउने एक उपकरण हो । "जीवन र जगत्को वस्तुता जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने तथा जीवन र जगत्का बीचको सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै अङ्कित गर्न यथार्थले सहयोग पुऱ्याउँछ" ( जोशी, २०६६, पृ. ३५)। स्थानीयताले उपन्यासलाई यथार्थपरक बनाउन सहयोग पुऱ्याउने हुँदा साहित्यिक कृतिमा यसको उपयोग भएको पाइन्छ । साहित्यिक कृतिमा आउने स्थानीय रङ, वा आञ्चलिकता सम्बद्ध दृश्य, परिवेश, वातावरण उपस्थित गर्ने सन्दर्भमा स्थानीय घटना, रीतिस्थिति, रहनसहन, आचरण, व्यवहार आदि प्रतिबिम्बित भएर आउँछन् (शर्मा र लुइँटेल, २०६३, पृ. २९९)। स्थानीयताले साहित्यिक कृतिमार्फत अभिव्यक्त हुने स्थानीय रङ, कुनै ठाउँ विशेषको विशिष्ट रूप आञ्चलिकता तथा त्यस स्थानीय रङ र आञ्चलिकतामा सन्दर्भित भएका विभिन्न पक्षहरू प्रस्तुत भएका हुन्छन्। साथै स्थानीयतासँग जोडिएर आएका अनेक दृश्य, परिवेश, स्थानीय घटना र संस्कृतिहरूले साहित्यिक कृतिलाई यथार्थपरक बनाउन सहयोग पुऱ्याउँछ। उपन्यासमा प्रस्तुत परिवेशले स्थानीय लोकजीवन, लोकविश्वास, प्रथा, परम्परा, स्थानीयका दैन्दिनी, विचार र भूगोलको प्रतिनिधित्व गर्छ (अधिकारी, २०५५, पृ. १०२-१०३)। मूलतः स्थानीयतासँग गाँसिएर कृतिमा वर्णित भूगोलको समग्र प्रतिच्छाया प्रदर्शित भएको हुन्छ। स्थानीय संस्कार र संस्कृति, लोकविश्वास, स्थानीय मूल्य र मान्यताहरू, तत्कालीन शासकीय चरित्र तथा त्यस स्थानको समग्र सांस्कृतिक प्रतिबिम्बको झाँकी उपन्यासमा प्रत्यन्तरण भएर आएको हुन्छ।

स्थानीयता भूगोल, समय र समाजका बिचको गहन अन्तर्सम्बन्ध हो । स्थानीयताले भौतिक र मानवीय दुवै सम्बन्धलाई प्रतिनिधित्व गरेको हुन्छ। यसबाट त्यस स्थान विशेषको कुनै विशेष कालखण्डको सन्दर्भको समग्र दिग्दर्शन प्राप्त हुन्छ। "इतिवृत्तको क्रम र प्रकृतिलाई परिभाषित गर्न तथा पात्रका बाह्याचरण एवं बाह्यपरिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध एवं सामाजिक आर्थिक पृष्ठभूमि आदि परिवेशसँग सम्बन्धित हुन्छ" (नेपाल, सन् २००५, पृ. ९३) । यस सन्दर्भले परिवेश स्थानीयतासँग जोडिएर आउने तथा स्थानीयतासँग सम्बन्धित भएर आएको परिवेशभित्र प्रकृति र मानवीय सम्बन्ध एवं सामाजिक आर्थिक, राजनीतिक, सांस्कृतिक एवं वैचारिक सन्दर्भ नै स्थानीयताका परिसूचक बनेका हुन्छन् । स्थानीयताले कुनै स्थान विशेषको प्राकृतिक बनोट वा सामाजिक स्थिति, परिवेश वा भाषा-बोली आदिका माध्यमबाट साहित्यिक कृतिलाई प्रामाणिक बनाउन तथा पाठकीय रसोत्पादनको उद्दीपनको भूमिका खेल्छ (नगिना, सन् १९७६, पृ. १२) । यस सन्दर्भले साहित्यिक कृतिमा रहेको स्थानीयताले वस्तुविन्यासको प्रामाणिकता र पाठकीय प्रभाव दुवैमा सहयोग पुऱ्याउने तथ्य सङ्केतित भएको छ। स्थानीयता सन्दर्भित भएका कृतिले त्यस स्थानको परिचय दिने लक्ष्य लिएको हुन्छ भने स्थानीय रङले कृतिलाई यथार्थ र विश्वसनीय बनाउन सहयोग पुग्छ (पौड्याल, २०८०, पृ. २२) । समग्रमा स्थानीयता कुनै भूगोलको स्थान, समय र पर्यावरण सापेक्ष भएर त्यहाँको विविध सन्दर्भको सङ्केत गर्ने कृति विश्लेषणको मापदण्ड हो ।

प्रस्तुत अध्ययनमा प्रेतकल्प उपन्यासको स्थानीयता विश्लेषणका लागि निम्न विश्लेषण ढाँचाको उपयोग गरिएको छ :




**नतिजा र विमर्श**

प्रस्तुत अध्ययनमा प्रेतकल्प उपन्यासमा प्रयुक्त स्थानीयताको विश्लेषण सैद्धान्तिक आधारमा निर्धारित विश्लेषण

ढाँचाका मानदण्डको उपयोग गरी विभिन्न उपशीर्षकमा गरिएको छ।

**प्रेतकल्प उपन्यासमा भूगोल र परिवेश**

प्रेतकल्प उपन्यास काठमाडौँ उपत्यकाको मूल भौगोलिक सेरोफेरोलाई आधार बनाई लेखिएको छ। उपत्यकाभित्र पनि मूलतः काठमाडौँ र भक्तपुरका विभिन्न भूगोलहरू औपन्यासिक कार्यव्यापारका क्रममा आएका छन् । काठमाडौँ र भक्तपुरको भौगोलिक परिवेशअन्तर्गत मनोहरा नदीको किनारलाई उपन्यासमा प्रस्तुत गरिएको छ। मूलतः हालको कागेश्वरी मनोहरा पालिकाको मनोहरा नदी किनार र त्यस नदीकिनारमा रहेको दुःखपुर नामक प्रतीकात्मक गाउँ नै उपन्यासको कार्यपीठिका बनेर आएको छ। मनोहरा वारिको उक्त दुःखपुर गाउँबाट केही समयमै भक्तपुरमा रहेको बोडे भन्ने ठाउँ पुग्न सकिने र त्यहाँका अम्मलीहरू बोडे र मनोहरापट्टि दुःखपुरबाट पश्चिमतर्फको बौद्ध गई रक्सी खाएर फर्कने सन्दर्भ उल्लेख छ। अतः यस उपन्यासको कार्यपीठिकाका रूपमा रहेको दुःखपुर गाउँ बोडेभन्दा पश्चिम र बौद्धभन्दा पूर्वतर्फको मनोहरा नदीको किनारमा रहेको हुनाले यस सन्दर्भबाट उपन्यासमा वर्णित स्थान हालको कागेश्वरी मनोहरा पालिकामा पर्ने कुरा प्रमाणित हुन्छ। तलको साक्ष्यबाट यसको पुष्टि गर्न सकिन्छ :

मूलतः दुःखपुर मनोहरा सभ्यताको एउटा हिस्सा थियो। वल्लोपल्लो किनारको नजिक विकसित भएका बस्तीसँग दुःखपुरको गहिरो सम्बन्ध थियो। यो गाउँको अस्तित्व, विकासयात्रा, मानवीय सम्बन्ध, मूल्य, विश्वास, आर्थिक कारोबार र गतिमा साँखु, चाँगु, बोडे, थिमी, गोकर्ण, पशुपति, शृङ्खमूल, स्वयम्भू र दक्षिणकालीहरू कुनै न कुनै रूपमा जोडिएका थिए। मनोहरा नदीको फाँटमा धान र गहुँको उत्पादन हुन्थ्यो। (पृ. २७)

त्यस्तै तलको अर्को साक्ष्यले पनि यस उपन्यासको भूगोल र परिवेश पुष्टि गर्न सहयोग पुऱ्याउँछ :

नीलबाराही, वज्रयोगिनी, चाँगुनारायण, दत्तात्रय, सूर्यविनायक, गोकर्णेश्वर, सपनतीर्थ, कुम्भेश्वर आदिसँग पनि दुःखपुरको विश्वास जोडिएको थियो। (पृ. २७)

त्यस्तै तलका अन्य साक्ष्यले यस उपन्यासको भूगोल र परिवेशलाई सङ्केत गर्दछ :

दुःखपुरलाई जगतडोल फाँटबाट निकै राम्रो देख्न सकिन्छ। जगतडोल मनोहरा नदीको पश्चिमी किनारामा हजारौँ रोपनी क्षेत्रफलमा फैलिएको छ। (पृ. २८)

दुःखपुर गाउँको दक्षिणपश्चिम तर्फ एक कोस टाढाको मनोहरा दरबारको हातामा पनि त्यस्तै एउटा रुख थियो (पृ. २३)।

जिम्वाल विष्णुभक्तको भनाइ थियो- "दुःखिराम जैसीले यो गाउँ स्थापना गरेका हुन्। उनी नै हाम्रा आदि पुर्खा हुन् । मल्लकालको अन्त्यमा यो गाउँ भाद्गाउँ राज्यको नियन्त्रणमा थियो । दुःखिराम दरबारका मुन्सी थिए। राजाले उनलाई यहाँ चार हजार मुरी माटो खेत बकस दिए। उनी याँ आउने पैलो मान्छे हुन्। तेसअघि याँ बाँझो बगर मात्र थियो। आफू आएपछि उनले बाहुन, क्षत्री, बैसे र शूद्रलाई पनि याँ ल्याएर बसोबास गराए। त्यस बखत खोलावारिको माथ्लो भाग कटुस, जामुनो, उत्तीस, बाँस, बकैना र हाडेबयरको जङ्गलले ढाकिया थियो। रहँदाबस्दा दुःखिरामका शाखासन्तान फैलिए। उनीसँग आका आसेपासेहरू पनि बढ्दै गए। अब त दुःखिरामका चौध पुस्ता भइसके। ऐले दुःखपुरको जुन रूप छ, त्यो उनकै देन हो। यो गाउँको नाम उनकै नामबाट बनेको हो।" (पृ. २४)

“यो त धेरै पछिको कुरा हो । यो रूख जङ्गबहादुरले बेलायतबाट ल्याएका हुन् । बेलायतबाट फर्किंदा यस्ता धेरै रूख ल्याएका थे उनले । पैले उनले सबै बिरुवा थापाथली दर्बारैं रोपेका थे । पछि त्यैंबाट यौटा बोट जङ्गका जेठा छोरा जगतजङ्गले मनरा दर्बारैं ल्याए । जङ्गबहादुरले यस्तै बोट आफ्ना अरू भाइभतिजालाई पनि बाँडेका थिए । हाम्रा हजुर्बा धनभक्त जैसीले पनि यो रूख हात पार्ने मौका पाए । उनी चाकरीमा जान्थे । उनी त्यसबखत दुःखपुर क्षेत्रका साह्रै नाम चलेका जिम्वालमा गनिएका थिए ।” (पृ. २५)

माथिका साक्ष्यहरूले यस उपन्यासको मूल कार्यपीठिका मनोहरा नदी किनारमा रहेको दुःखपुर गाउँलाई बनाएको स्पष्ट हुन्छ । यसलाई स्पष्ट पार्न त्यस वरपरका मूलपानी चौर, भुत्याहा चौर, मणीचूड, तारेभीर आदि जस्ता आसपासका सन्दर्भहरू प्रयोग भएका छन् । पण्डित बालकृष्ण आचार्य र उनको परिवारलाई मूल केन्द्रबिन्दु बनाएर उनीहरू रहेको ठाउँलाई दुःखपुर गाउँ दिई दुःखपुरबासीले चन्द्रशमशेरको शासन कालमा पाएको दुःख, अत्याचार र उत्पीडनलाई कलात्मक रूपमा चित्रण गरिएको छ । खासगरी मनोहरा क्षेत्रको उक्त ठाउँका मानिसलाई वि.सं. १९६९ देखि १९७८ सम्म तत्कालीन राणाशासकले गरेको निरन्तर, दमन, शोषण र उत्पीडनजन्य विषय र त्यसका विरुद्ध उक्त दुःखपुर गाउँमा जन्मिएको प्रतिरोधी चेतनाको उज्यालोलाई मूल उद्देश्य बनाई यो उपन्यासको वस्तुता निर्माण गरिएको छ ।

**प्रेतकल्प उपन्यासमा जातजाति र जातीय व्यवस्था**

प्रस्तुत उपन्यासमा विभिन्न जातजातिहरूको प्रतिनिधित्व रहेको छ। हालको कागेश्वरी मनोहरा नगरपालिकाअन्तर्गत रहेको प्रमाणित हुने मनोहरा नदीकिनारको उपन्यासमा वर्णित दुःखपुर गाउँमा रहेका जातजातिका सन्दर्भले तत्कालीन नेपालको जातीय व्यवस्थाको समेत प्रतिनिधित्व गरेको छ। तत्कालीन समय (१९६९-१९७८) नेपालको जहानियाँ निरङ्कुश राणाशासनको युग हो । उक्त समयमा हिन्दु सामाजिक सङ्गठनको संरचनामा जातजातिको जातीय व्यवस्था कायम भएको देखिन्छ । हिन्दु वर्णाश्रम व्यवस्थाअनुकूलको जातीय संरचना उक्त दुःखपुर गाउँमा पनि रहेको देखिन्छ । यस उपन्यासमा आएको मनोहरा फाँटको उक्त दुःखपुर गाउँमा रहेको जातजातिको बसोबासको संरचना काठमाडौँ उपत्यकाको काँठ क्षेत्रको आवास संरचनामा आधारित छ । यसको पुष्टिका लागि उपन्यासमा प्रस्तुत भएका केही साक्ष्यलाई प्रमाणका रूपमा उपयोग गरिएको छ ः

दुःखपुरको सबभन्दा अग्लो भागमा दुई घर तामाङहरू थिए । उनीहरू बाँस र निगालाको चोयाबाट डोको, डालो, नाङ्लो भकारी, ढोक्से, थुन्से, सोली आदि बुन्थे । त्यसबाहेक उनीहरू गोरु जोत्ने र फेरी लगाउने काम पनि गर्थे । मानापाथी उठाउँथे । उनीहरू त्यहाँ आएर कहिलेदेखि बसे, स्पष्ट छैन, तर त्यहाँ आएपछि क्रमशः उनीहरूले आफ्नो भाषा, संस्कार र चलन बिर्सिंदै गएका थिए । अलिकति तल चार घर भुजेलहरू थिए । घर के भन्नु, अरूकै स्वामित्वको छाप्रामा बस्थे उनीहरू । उनीहरूसँग आफ्नो भन्ने केही थिएन । मालिकवर्गको काम गर्थे र जीविका चलाउँथे । उनीहरूका स्वास्नी-छोराछोरी धनीहरूको घरमा ढिकीजाँतो गर्ने र गोठाला जाने गर्थे । लोग्नेमानिसचाहिँ खेतबारीमा काम गर्थे । यी चारवटा छाप्रोमा क्षयरोग, दम र हात्तीपाइले रोगले ग्रसित पाँच जना बूढाबूढी पनि थिए । (पृ.२८)

समथर भूभागमा उपाध्याय र जैसी ब्राह्मण जातिको बसोबास थियो । दक्षिण भारतमा जस्तो यहाँ अग्रहार र पृष्ठहारको व्यवस्था नभए पनि त्यहाँका ब्राह्मण बसोबासको दृष्टिले सबभन्दा उत्तम ठाउँमा थिए । खेतीपाती गर्ने,

चरनसम्म जान र अन्य सुविधाको दृष्टिले यो भाग महत्त्वपूर्ण थियो । त्यहाँदेखि अलि तल खड्का क्षत्रीहरूको बसोबास थियो । लगभग उनीहरूको घरसङ्ख्या तीसको हाराहारीमा थियो । बस्तीको दक्षिणपट्टि पुच्छारमा सार्की गाउँ थियो । जसलाई नेपेटार भनिन्थ्यो । त्यहाँ दस घर सार्की, दुई घर कामी, दुई घर दमाई र एक घर कुँणारो थिए । यिनीहरूको सामाजिक र आर्थिक हैसियत भुजेलहरूको भन्दा पनि गएगुज्रेको थियो । (पृ. २८,२९)

माथिका साक्ष्यले तत्कालीन दुःखपुर गाउँको जातीय अवस्थालाई पुष्टि गरेको छ । उक्त गाउँमा जातीय विविधता पाइन्छ । थतर्का हिन्दु सामन्तवादी वर्णाश्रम व्यवस्थाले निर्माण गरेको चार वर्णहरू ब्राह्मण, क्षत्री, वैश्य र शूद्र सबैको प्रतिनिधित्व उक्त गाउँमा भएको देखिन्छ । ब्राह्मण जातअन्तर्गत आचार्य परिवारको प्रतिनिधित्व छ । क्षत्री जातअन्तर्गत खड्काहरूको प्रतिनिधित्व छ भने वैश्यअन्तर्गत भुजेल र तामाङको जातीय प्रतिनिधित्व उक्त गाउँमा देखिन्छ । शूद्रअन्तर्गत दलित जातजातिहरू उपन्यासमा आएका छन् । कामी, दमाई, सार्की आदिको प्रसङ्गले यसको पुष्टि गर्छ । तत्कालीन समयमा अन्न उत्पादन नहुने सुख्खा डाँडोमा तामाङलाई बसाइएको छ । कमाराकमारीका रूपमा मालिकको अरनखटन मान्न भुजेलको प्रतिनिधित्व गराई दासप्रथाको सङ्केत गरिएको छ । प्रशस्त अन्न उब्जनी हुने सुगम पानीको समेत यथेष्ट स्रोत भएका ठाउँमा ब्राह्मण र क्षत्रीको बसोबास संरचना उपन्यासमा प्रस्तुत भएको छ । सिङ्गो ब्राह्मण, क्षत्री र वैश्य समाजबाटै अलग गरेर गाउँको सीमान्त कुनाकाप्चामा लगेर दलित भनिएका जातिलाई बसोबास संरचनामा राखिएको छ । यसले तत्कालीन नेपाली समाजको संरचना, जात व्यवस्था र जनजातीय ढाँचा हिन्दु वर्णाश्रम व्यवस्थाअनुकूल हुने गरी निर्माण गरी त्यसैको दुरुस्त अनुपालनका लागि सम्पूर्ण राज्यसंयन्त्र नै उपयोग गरिएको यथार्थ सत्यलाई उपन्यासमा अत्यन्त आकर्षक औपन्यासिक शिल्पका माध्यमबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रस्तुत भएको जनजातीय संरचना सिङ्गो उपत्यका र देशकै जनजातीय संरचना सङ्गठनको प्रतिनिधित्व गर्न सक्षम रहेको छ ।

**स्थानीय लोकविश्वास, संस्कृति, प्रथा र परम्परा**

प्रस्तुत उपन्यासमा काठमाडौँ उपत्यकाको काँठ क्षेत्र र त्यसमा पनि यस उपन्यासमा वर्णित मनोहरा नदीको फाँटमा रहेको प्रतीकात्मक गाउँ दुःखपुरमा रहेका आजभन्दा एक शताब्दीअधिका लोकजीवनसँग सम्बद्ध लोकविश्वासहरूलाई प्रस्तुत गरिएको छ । यस्ता लोकविश्वास र लोकसंस्कृतिहरू मूलतः हिन्दु धर्म र संस्कृतिको आस्थासँग जोडिएर उपन्यासमा सन्दर्भित भएका छन् । तत्कालीन समयमा व्याप्त रूपमा हिन्दु संरचनात्मक तथा सामाजिक सङ्गठनको प्रभाव लोकविश्वास र संस्कृतिमा परेको पाइन्छ । काठमाडौँका विभिन्न जात्रा र पर्वहरू संस्कृतिका रूपमा आएका छन् । त्यस समयमा एकादशीलाई ब्राह्मण र क्षत्री जातिले अतिशय महत्त्वका रूपमा लिने गरेको प्रसङ्ग उपन्यासमा पाइन्छ । त्यस्तै दसैँ, तिहार, शिवरात्री, रामनवमी, जन्माष्टमी आदि पर्वको तत्कालीन हिन्दु समाजमा गहिरो प्रभाव देखिन्छ । 'आयो दसैँ ढोल बजाइ, गयो दसैँ ऋण बोकाइ' जस्ता सन्दर्भले तत्कालीन समाजको चाडपर्वसँग जोडिएको असीमित मोहलाई सङ्केत गर्छ । अन्न उत्पादन र पशुपालन नै तत्कालीन समयको दुःखपुर गाउँको मूल आर्थिक संस्कृति देखिन्छ । जीविकोपार्जनका लागि मूल पेसा नै कृषि रहेकाले कृषि र श्रमसँग जोडिएको लोकविश्वास र संस्कृतिलाई उपन्यासमा वर्णन गरिएको छ ।

तत्कालीन समयमा जातीय छुवाछुत, बालविवाह र पति मरेकी एकल महिला (विधवा ?) का सम्बन्धमा हिन्दु वर्णाश्रम व्यवस्थाअनुकूलकै लोकप्रथा र विश्वासहरू प्रचलनमा देखिन्छन् । तलका केही साक्ष्यहरूबाट उल्लिखित तथ्यको पुष्टि गर्न सकिन्छ :

“हाम्रो काम त बाउन बाजे र छेत्री काजिसाएपहरूको सेवा गर्ने हो । हामी त तिनका खुट्टाको धुलो न हुम् । किन अर्नु र एस्तो बाङ्गोटिङ्गो काम” खुइते कँणारोले भन्यो (पृ. ४३) ।

यो मौका हामी काँठेहरूका निम्ति गौरपको कुरा हो । अहिलेसम्म काँठका मान्छे सर्कार चलाउने ठाउँमा पुगेका छैनन् (पृ. ६४) ।

त्यो पँधेरो दमयन्ती बाहेकका गाउँलेका निम्ति अपायक पर्ने ठाउँमा थियो । दोम्रो, अछुत मानिएको सन्तेको परिवारले प्रयोग गर्ने हुनाले त्यसलाई बिटुलिएको मान्थे (पृ. ११५) ।

त्यसो त गणेशको दर्शन माघको मङ्गलवार अति उत्तम हुन्छ भन्ने विश्वास थियो दुःखपुरको । तर त्यस वर्ष शिवपुरीको वन माघमा मात्र खुलाइयो । वन खुलेपछि गाउँबासीका निम्ति दाउरा लिन जानुबाहेक अर्को विकल्प थिएन । प्रत्येक दिन पूरा गाउँ झिसमिसेभन्दा अगाडि नै उठ्थ्यो र खाना खाएर उकालो लाग्थ्यो । त्यसो नगरे वर्षदिनको खाँचो कसरी पूरा गर्ने ? त्यसैले माघको मङ्गलवारलाई कसैले सदुपयोग गर्न पाएनन् । त्यसपछि फागुन आयो र मरिनाको अन्तिम मङ्गलवार मङ्गलचौथी परेकोले धेरैले त्यस दिनलाई गणेशप्रति आफ्नो धार्मिक विश्वास प्रकट गर्ने दिनका रूपमा लिए । दमयन्तीले पनि त्यही शुभ दिनलाई रोजी । (पृ. ७८)

म विधवी भएर घोर पाप र नर्कको बाटो हिँड्दै छु कि जस्तो लाग्छ (पृ. १२०) ।

शान्तनुको गोठमा बाह्रै महिना कौडा खेलाइन्थ्यो । त्यहाँ खेल्न टाढाटाढा गाउँका जुवाडे पनि आइपुग्थे । गाउँमा भएको बेला शङ्खधर त्यहाँ नियमित जान्थ्यो । असल काम नपाएपछि कुनै अर्को काम त गर्नै पर्यो । त्यसैताका रामजी भारद्वाज नाम गरेको मट्टारको जुवाडे पनि त्यहाँ जुवा खेल्न आउँथ्यो र खालमा पैसा हारेपछि टाउको रन्थनिने गरी गाँजा खान्थ्यो । अझ शङ्खधर जुवालाई भन्दा गाँजालाई जीवनबुटी मान्दथ्यो । ऊ भारद्वाजले कहिले हार्ला र गाँजाको जमघट आयोजना होला भनेर प्रतीक्षा गरिरहन्थ्यो । (पृ. १४२)

गएको चैतबाट एघार वर्षकी भइसकी । तेम्रो उमेरमा मैले घर आएको दुई वर्ष भइसक्या थ्यो । म नौ वर्षकी हुँदा यो घर्मा आएकी हूँ । म त गुन्यु बेर्न पनि जान्दिनथे अब तेसको पनि बिहे गर्ने बेला भो । अर्काको घर गएपछि टिकेर बस्न पनि त काम जान्नु पर्यो । यसपालिको मङ्सिरमा तेल्लाई कन्यादान गर्छु । (पृ. १४)

“हरेस खानै हुन्न स्वामी ऐलेइ । यो परिवार र पूरा गामलाई हजुरको अझै खाँचो छ ।” महालक्ष्मीले भनी । त्यसपछि ऊ बोल्न सकिन । “हैन दाजै, तपाईलाई ऐलेइ क्यै पनि हुन्न । धपेडीको जरो आ मात्र हो । चिराइतोको झोलले सप निकाल्छ । मैले ग्रहदशा पनि हेरें । सपै ठीकै छन् । अइल्यै त्यस्तो ठूलो अनिष्ट हुने म क्यै देख्दिनँ । भ्रामरीको दशा छ केही मैना । सामान्य रूपमा पन्छाएपछि ठीक हुन्छ ।” आचार्यले भन्यो ।

“दशा पन्छाम्न के गर्नुपर्ला त देवरबाबू ।”
“केतुको दान गराउन पर्छ । तेल, नुन, मास, तिल, फलाम र कालो वस्त्र । अनि भैरवको पूजा गर्दिनुपर्यो । मङ्गल गएर लग्नमा बसेको हुँदा त्यसलाई पनि रुष्ट हुन नदिन दान गराउन पर्छ । गहुँ, चाकु, मुसुरो, मुगा, तामा र रातो वस्त्र । त्यसपछि गणेशको पूजा गराउने ।” आचार्यले भन्यो । (पृ. १८९)

“नेपाल खाल्डोमा जताततै भूतप्रेतको जगजगी बढ्न थाल्यो । अब उनीहरूले नै राज्य गर्छन् कि क्या हो ?“ कसैले भन्यो ।

“यो सबै कोत पर्वमा मारिएका भारदारहरूको प्रेतात्माको खेल हो । चन्द्र माराजको शासनमा हाहाकार मच्चाउन तिनीहरू सक्रिय भका छन् क्यारे ।“ अर्को कसैले थप्यो । (पृ. ५०)

माथिका विभिन्न साक्ष्यहरूले तत्कालीन दुःखपुर गाउँ र सिङ्गो नेपाली समाजमा प्रचलनमा रहेका विभिन्न प्रथा र परम्परालाई सङ्केत गरेका छन् । काँठ क्षेत्र भनिएको मनोहरा किनारका बासिन्दा कोही पनि सरकारी सेवामा संलग्न नरहेको र उनीहरू राज्यको मूलाधारबाट वञ्चितीकरणमा परेको सन्दर्भ प्रस्ट हुन्छ । साथै उनीहरू विशुद्ध कृषिमा आश्रित रही त्यसै अनुकूलका संस्कृतिहरू आत्मसात् गरेको देखिन्छ । त्यस समयमा छुवाछुत जस्तो अमानवीय प्रथा अत्यन्त विकराल सामाजिक कुप्रथाका रूपमा देखिन्छ । उनीहरूमाथि कथित उपल्लो भनिएका वर्ग र जातिबाट हुने चरम अमानवीय व्यवहार र शोषणले समाजको शासकीय चरित्रलाई सङ्केत गर्छ । धर्मअनुसारको सामाजिक मर्यादा कायम राख्न र त्यसलाई कठोरतापूर्वक लागु गर्न तत्कालीन राज्यसंयन्त्र जुनसुकै तहमा पुग्न पनि तत्पर देखिन्छ । वर्णव्यवस्था कायम राख्न मुढ्ने, पैताला चटाउने, जनै झिकिदिने, टुप्पी काटिदिने, जात खसाउने, चारपाटा मुढ्ने, भञ्ज्याङ कटाउने, देश निकाला गर्ने, मलमुत्र र विष्टा खुवाउने जस्ता मानवताविरोधी गतिविधि गर्न राज्य तत्पर रहने सन्दर्भले तत्कालीन कठोर परम्पराको सङ्केत गर्छ । नारी र शूद्रहरू पढ्नबाट वञ्चित हुने, कमाराकमारी राख्ने, दलित र भुजेलहरूलाई अधिकारविहीन बनाउने तत्कालीन चरित्रको प्रतिबिम्बन उपन्यासमा भएको छ । त्यस्तै विधवा विवाहलाई पूर्ण रूपमा निस्तेज र अस्वीकार गर्ने तथा बालविवाह र बहुविवाहलाई राज्यले आश्रय र संरक्षण दिने तत्कालीन सामाजिक प्रथा पनि विद्यमान देखिन्छ । लोग्नेको मृत्यु भइसकेकी एकल महिलालाई नराम्रो दृष्टिकोणले हेर्ने, पोइटोकुवी, बोक्सी, वेश्या जस्ता नारीअमैत्री व्यवहार तथा ‘राँड’ जस्ता अपमानजनक सम्बोधन सूचकहरूले तत्कालीन हिन्दु सामन्तवादी वर्णाश्रम व्यवस्थाका आडमा निर्माण भएको पुरुषप्रधान सामाजिक संरचनासमेतको प्रतिध्वनित उपन्यासमा भएको छ । तत्कालीन नेपाली समाजमा प्रचलनमा रहेका भूतप्रेत, बोक्सी, डङ्किनी, पिशाच आदि जस्ता लोकविश्वास पनि उपन्यासमा आएका छन् । तलका केही साक्ष्यद्वारा यसको पुष्टि गर्न सकिन्छ ः

अचार्ज जिउ, छोरालाई निको पार्न राम्रो धामीझाँक्री लाउनुपर्यो । यो पक्कै किचकन्डेको खेल हुनुपर्छ । नत्र दिन उमेरको मान्छे यसरी सुक्दै जानु नपर्ने हो । (पृ. १२३)

ए हरिकिस्ने, ए गोविन्दे, यहाँ आओ त मैँले फाँटमा गज्जबको कुरा देखेँ त्यहाँ त भूतप्रेतहरू पन्नितको गहुँ काटिरहेका छन् । (पृ. २०१)

भूतहरूले नै धान चुटे, कुन्यू लगाए, खलो उठाएर बोकेर ल्याएर भकारीमा हालेर गए । ... हाम्रा बाले पनि भूतका दाँत खस्ने गरी कुटेका थिए रे । (पृ. २०४)

मध्यरातमा बारबिन्डे चौरमा देखिने झल्याकझुलुकले गाउँका भूतप्रेत रिसाएका छन् र तिनलाई उचित विधिद्वारा मन्छाउनुपर्छ भन्ने जनमत बलियो बन्दै गयो । (पृ. १२१)

माथिका साक्ष्यहरूले तत्कालीन समाजमा प्रचलनमा रहेका रहस्यमयी शक्तिप्रतिको आकर्षण, विकर्षण र भयलाई देखाएका छन् । सदियौँदेखि नेपाली समाजमा चल्दै आएको भूतप्रेतसम्बन्धी मान्यता लोकविश्वासको अमिट छाप बनेर रहेको छ । यसका साथै काठमाडौँ उपत्यकामा रहेका शक्तिपीठमा पूजाअर्चना गर्ने, कुलदेउता र सिमेभूमे खुसी पार्नुपर्छ भन्ने मान्यता पनि रहेको देखिन्छ । अन्नबाली भित्र्याएपछि देउतालाई चढाउने, शिवालय र देवदेवीका थान बनाउने आदि प्रचलनहरू लोकविश्वासअन्तर्गत प्रथा र परम्पराका रूपमा देखिन्छ ।

**वैचारिक संस्कृति**

प्रस्तुत उपन्यासमा तीनथरि वैचारिक संस्कृतिको प्रतिनिधित्व गराएर मनोहरा फाँटको दुःखपुर गाउँलाई उपन्यासको कार्यपीठिका बनाइएको छ । पहिलो वैचारिक संस्कृति तत्कालीन हिन्दु वर्णाश्रम व्यवस्था को । राणाशासनप्रति बफादार भएमा मात्र आफ्नो संस्कृतिको रक्षा हुन्छ भन्ने विचार यसको नेतृत्व गर्ने शङ्खधर र जिम्वाललगायतका पात्रबाट अभिव्यक्त भएको छ । बालविवाह र छुवाछुत हिन्दु धर्मका अभिन्न अङ्ग भएकाले समाजमा वर्णव्यवस्था कठोरतापूर्वक पालन हुनुपर्छ भन्ने विचार यथास्थितिवादीहरूले संवहन गरेका छन् । तत्कालीन राज्यव्यवस्था र त्यसको पक्षपोषणमा लागेका त्यस शासन व्यवस्थामा आफ्नो सुनौलो भविष्य देख्नेहरूले समाजमा मेलमिलापको आधार नै परम्परालाई अँगाल्नु, जोगाउनुमा मात्र देखेका छन् । उनीहरू कुनै हालतमा पनि अनेक यत्नमार्फत सामाजिक संरचना र सङ्गठन यथास्थितिमा रहनुपर्छ तबमात्र जनताको कल्याण हुन्छ भन्ने मतमा अडिग देखिन्छन् । यसका लागि धर्मलाई हतियारका रूपमा प्रयोग गर्दै मनुस्मृतिका मान्यतालाई मूल न्यायविधान मान्दै त्यसै अनुकूलको समुन्नत राज्यनिर्माण गर्ने दुःस्वप्नमा व्याप्त भएको देखाइएको छ ।

दुःखपुर गाउँको अर्को वैचारिक संस्कृतिका रूपमा तटस्थ र मौनता मिश्रित विचारधारा रहेको छ । खासगरी अशिक्षित, अपठित र भयमा बाँचेकाहरूमा यस्तो तटस्थता र मौनता व्याप्त देखिन्छ । जीवन चलेकै छ, यसै गरी चल्ने त होला, हाम्रो भाग्य नै यस्तै रहेछ, महाराजले जे गर्छन् ठिकै त गर्लान्, फेरि यो जुनीमा दुःख पाउन लेखेकै रहेछ जस्ता भाग्यवादी, निराशावादी र पलायनवादी मानसिकताले यस्तो संस्कृति निर्माणमा भूमिका खेलेको छ । दुःखपुर गाउँमा रहेका दलितहरू, भुजेलहरू, तामाङहरू र क्षत्रीबाहुन समाजका केही व्यक्तिमा यस्तो चिन्तन रहेको तथ्य उपन्यासका विभिन्न प्रकरणबाट प्रस्ट हुन्छ ।

प्रस्तुत उपन्यासमा रहेको अर्को वैचारिक संस्कृति उत्पीडनका विरुद्धको प्रतिरोध चेतना हो । पण्डित बालकृष्ण काशीमा स्नातक तह उत्तीर्ण गरी फर्किएपछि उसैका माध्यमबाट उक्त गाउँमा चेतनाको नवदीप प्रज्वलित भएको छ । बालविवाह अमानवीय हो भन्ने कुरा उसले आफ्नै घरबाट कार्यान्वयन गरी नयाँ युगको आरम्भ भएको सङ्केत गरेको छ । त्यस्तै तत्कालीन समयमा असम्भव प्रायः ठानिएको र सामाजिक रूपमा अत्यन्त घृणित, निन्दित, पतित र कलङ्कित ठानिएको विधवा विवाहलाई सामाजिक मान्यता दिलाउन विधवा दमयन्तीसँग आफैँ विवाह गरी नवीन सामाजिक सुधारको क्रान्तिकारी कार्यमा अग्रगामी पहलकदमी लिएको छ । समाजमा अत्यन्त कठोर र अनुदार रहेको छुवाछुत प्रथालाई समाप्त गर्न एकापट्टिको अश्विनी सार्कीलाई घरैमा पालेर हिन्दु संस्कारअनुसार व्रतबन्धसमेत गरिदिई समान सामाजिक हैसियत प्रदान गर्नु त्यस चरम धार्मिक कट्टरताको युगका लागि असम्भव र अकल्पनीय जस्तै थियो । सबै जातजाति र लिङ्गमा शिक्षामा समान अवसर हुनुपर्छ भन्ने मान्यता राखेर दुःखपुरमा

विद्यालय सञ्चालन गरी निःशुल्क पढाउनु र दलितले पनि वेद र धर्मग्रन्थ पढ्न पाउनुपर्छ भनी शिक्षा दिनु त्यस युगका शासकका लागि ठुलो चुनौती थियो । दयानन्द सरस्वतीको आर्यसमाजी अभियानमार्फत दलित र पछाडि पारिएका समूहको उत्थानका लागि उसले जुन योगदान गऱ्यो त्यो अन्ततः राणाशासनको पतनका लागि आगोको झिल्को झैँ फैलिँदै गयो । स्थानीय गाउँलेमा आएको जागरण र दलितहरूमा विकास भएको प्रगतिशील चेतनाले कालान्तरमा गएर सदियौँदेखिको शोषण, विभेद र उत्पीडनलाई हटाउन महत्त्वपूर्ण भूमिका खेल्यो । समाज रूपान्तरणमा लागेबापत राज्यद्रोही अभियोग लगाई पण्डितको परिवारलाई जात खसालेर दलित बनाई देश निकाला गरे पनि उसले छोडेर गएका नवजागरण र सुधारका प्रगतिशील झिल्काहरू गाउँबाट कहिल्यै ननिभ्ने गरी गाडिएर बसे । अतः हालको कागेश्वरी मनोहरा (थलीडाँडा) उक्त मनोहरा फाँटको प्रतीकात्मक गाउँ नेपालको राणा शासन र त्यस शासनको आडमा भएका हरेक प्रकारका उत्पीडनका विरुद्धमा देखिएको प्रतिरोधी चेतना एवं परिवर्तनका अग्रणी चैतन्यको प्रतीक बनेर उपन्यासमा प्रदर्शित छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा नारायण ढकालद्वारा लिखित प्रेतकल्प उपन्यासमा प्रयुक्त स्थानीयताको विश्लेषण गरिएको छ । उपन्यास मार्फत हालको कागेश्वरी मनोहरा क्षेत्रमा पर्ने आजभन्दा एक शताब्दी अघिको परिवेश र संस्कृतिलाई अत्यन्त सूक्ष्म ढङ्गले देखाइएको छ । मनोहरा नदीकिनारको उक्त स्थललाई दुःखपुर नाम दिएर त्यसै दुःखपुर माध्यमबाट सिङ्गो नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक, न्यायिक र राजनीतिक सन्दर्भको विहङ्गावलोकन गर्ने सँझ्याल बनाइदिएको छ । मनोहरा र कागेश्वरी आसपासका क्षेत्रहरूको करिब एक शताब्दीअघिको विविध सन्दर्भहरूलाई अत्यन्त सूक्ष्म रूपमा औपन्यासिक कलाको सुन्दर बनोट र बुनोटका माध्यमबाट अभिव्यक्त गर्ने जमर्को भएको छ । एक शताब्दी अघिको तत्कालीन सामाजिक सन्दर्भका अनेक परिप्रेक्ष्यहरू उपन्यासमा प्रस्तुत गरी त्यस युगमा त्यहाँको समाजले अवलम्बन गरेका जीवनचर्या र संस्कृतिका बहुविध पक्षहरूलाई प्रत्यन्तरण गरी औपन्यासिक कलामार्फत व्यञ्जित गर्ने कौशल देखाइएको छ । खासगरी कागेश्वरी र मनोहरा क्षेत्रको काँठसमाजमा रहेका लोकविश्वास, प्रथा र परम्परा, विचार, जीवन जिउने तरिका, पेसा, आर्थिक क्रियाकलाप, जातजाति, वर्णव्यवस्थाअनुकूलको तत्कालीन बसोबास संरचना, खाद्यसंस्कृति तथा पर्यावरणलाई प्रस्तुत गरी स्थानीयताको सघन प्रयोग भएको छ । उपन्यासमा वर्णित उक्त गाउँका माध्यमबाट तत्कालीन शासकीय चरित्र, न्यायव्यवस्था, धार्मिक कट्टरता, निरङ्कुशता जस्ता शासकीय प्रणाली पनि सङ्केतित छन् । त्यसै गरी उक्त क्षेत्रमा हिन्दु वर्णाश्रम व्यवस्था र त्यसका आडमा निर्माण भएका पितृसत्ता, लैङ्गिक विभेद, छुवाछुत, जातीय असमानता, सतीप्रथा, दासप्रथा, शैक्षिक र सामाजिक वञ्चिति जस्ता पक्षहरू पनि टड्कारो रूपमा आएका छन् । यसका साथै नवयुवामा आएको परिवर्तन र उत्पीडनका विरुद्धको प्रतिरोध चेतनाका माध्यमबाट समाज विकास तथा निरङ्कुश शासन व्यवस्थाको अँध्यारो युगबाट उज्यालो युगतर्फको यात्रामा उक्त दुःखपुर गाउँमार्फत कागेश्वरी मनोहरा क्षेत्रले खेलेको प्रगतिशील र अग्रणी चैतन्यमय प्रयासलाई उपन्यासमा अत्यन्त निष्ठापूर्वक प्रस्तुत गर्ने इतिहास चेतनाप्रतिको सम्मानभाव अभिव्यञ्जित छ ।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, डि. पी. (२०५५). नेपाली उपन्यास र जनजीवन. नेपाली समालोचना. (सम्पा. घनश्याम कँडेल). ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६६). पाश्चात्य साहित्यका प्रमुख वाद (पाँचौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

ढकाल, नारायण (२०६५). प्रेतकल्प. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २) (तेस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

नगिना (सन् १९८६). आञ्चलिक और हिन्दी उपन्यास. दिल्ली : अक्षर प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५). आख्यानका कुरा. सिलगढी : एकता बुक हाउस ।

पौड्याल, एकनारायण (२०८०). नेपाली कथामा आञ्चलिकता. काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

बराल, ऋषिराज (२०६४). साहित्य र समाज. ललितपुर : साझा प्रकाशन ।

वर्मा, धीरेन्द्र (सन् २०१०). हिन्दी साहित्य कोश. वाराणसी : ज्ञानमण्डल प्रकाशन लिमिटेड ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६३). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (दोस्रो संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।